# कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०

प्रमाणिकरण मितिः २०८०/०९/१२

## पृष्ठभूमि

रेबिज रोग मानव,पशु तथा अन्य स्तनधारी जनावरमा लाग्ने अति खतरनाक प्राणघातक जुनोटिक रोग हो ।पशु तथा मानव स्वास्थ्यको दृष्टिकोणले ठुलो समस्याको रुपमा विधमान रेबिज रोगका कारण पशु पालक कृषकहरुले बर्षेनी ठुलो आर्थिक क्षती व्यहोर्दै आएका छन् ।अतः कुकुरको बन्ध्याकरण र रेबिज खोपको मध्यमबाट रेबिज रोग तथा कुकुरको संख्या नियन्त्रण गरि जनस्वास्थ्य एवं पशुधन संरक्षणमा टेवा पुर्याउनेउदेश्य अनुरुप रेबिज रोगको जोखिमलाई न्युनिकरणगर्न सकियोस् भन्ने उद्देश्यका साथ नेपाल सरकारको नीति तथा कार्यक्रम सहज, सरल, प्रभाबकारी, पारदर्शीरुपमा संचालन गर्न नेपाल सरकार पशुपन्छी विकास मन्त्रालयबाट स्वीकृतकुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०७३ लाईआधार मानी गंगाजमुना गाउँकार्यपालिकाको कार्यलयलबाट कुकुर बन्ध्याकरण तथा रेबिज रोगको नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० जारी गरिएको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१.संक्षीप्त नाम र प्रारम्भः

(क)यो कार्यविधिको नाम: कुकुर बन्ध्याकरण तथा रेबिज रोगको नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८०” रहेको छ ।

(ख)यो कार्यविधि कुकुर बन्ध्याकरण तथा रेबिज रोगको नियन्त्रण कार्यक्रम सम्पादन गर्ने प्रयोजनको लागि गाउँ कार्यपालिकाबाट स्वीकृति भए पश्चात लागु हुनेछ ।

२.परिभाषाःविषयवा प्रसंगलेअर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क."गाउँपालिका" भन्नाले गंगाजमुना गाउँपालिका, फुलखर्क, धादिङ सम्झनु पर्नेछ ।

ख."विज्ञकेन्द्र" भन्नाले भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र सम्झनुपर्छ ।

ग."शाखा" भन्नाले पशु सेवा शाखा सम्झनुपर्छ ।

घ."संघ/संस्था" भन्नाले पशु कल्याणमा संग्लग्न संघ/संस्था, स्थानीय निकाय र भेटेरिनरी क्लिनिकलाई सम्झनुपर्छ ।

ङ."कार्यविधि" भन्नाले कुकुर बन्ध्याकरण तथा रेबिज रोगको नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० सम्झनुपर्छ।

**३.उदेश्यः** यो कार्यविधिको उदेश्य देहाय बमोजमको हुनेछ।

क) गाउँपालिकाको नीति तथा कार्यक्रम प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

ख)कुकुर बन्ध्याकरण तथा रेबिज विरुद्ध खोप गाउँपालिका,भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा शाखा र अन्य संघसंस्थाहरुकोसहकार्यमासंचालन गर्ने ।

ग)कुकुर बन्ध्याकारण तथा रेबिज रोगनियन्त्रण गर्न जनचेतनामुलक सामाग्री तयारी गरि सुसुचित गर्ने ।

घ)संक्रमित जनावरको टोकाईका कारण रेबिज उच्च जोखिममा रहेका पशु तथा मानिसमा जोखिमन्युनिकरण गर्न सहयोग पुर्याउन।

## परिच्छेद-२

**४.कार्यक्रम संचालन प्रक्रियाः**

४.१ कुकुर बन्धयाकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रम तोकिएकोस्थानमा कुकुरको संख्या निर्धारण गरिभेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा शाखलेअन्य संघसंस्थाहरु/भेटेरिनरी क्लिनिक तथापशु चिकित्सक अनिवार्य रहने गरि स्थानीय तहमा कार्यरत भेटेरिनरी प्राबिधिकको सहकार्यमा संचालन गर्न सक्नेछ।यदि पशु कल्याणमा संग्लन संघ/संस्था भेटेरिनरी क्लिनिकलाई यो कार्यक्रम संचालन गर्न दिएमा सार्वजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ र प्रचलित कानुन बमोजिम कार्यक्रम संचालन गर्ने संस्थाको छनौट गरिने छ ।

४.२ यस कार्यक्रममा सामुदायिक/भुसिया भाले पोथी दुवै कुकुरहको मात्र गरिने छ ।

४.३. रेबिज खोप यथासम्भव स्वदेशी प्रयोग गर्नुपर्नेछ।

४.४ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा शाखा/गाउँपालिकाले तोकेको कर्मचारी प्रत्यक्ष सुपरिवेक्षणमा कुकुर बन्ध्याकरण तथा रेबिज भ्याक्सिनेसन कार्यक्रम संचालन गर्नुपर्नेछ।

४.५ कुकुर बन्ध्याकरण तथा रेबिज भ्याक्सिनेसन कार्यक्रम तोकिएको समय भित्र सम्पन्न गर्नुपर्ने छ ।

४.६ रोग सम्बन्धमा जनचेतनाअभिवृद्धि गर्न सुचनामुलक सामाग्री तयार तथा वितरण गर्नुपर्नेछ।

४.७ सम्पन्न कार्यको प्रगति प्रतिवेदन सम्बन्धित शाखा/गाउँपालिकालाई अनिवार्य रुपमा पठाउनुपर्नेछ।

४.८ संघ/संस्थाहरुको मुल्यांकन गर्ने आधार निम्न अनुसार हुनेछ ।

क)संघ/संस्थाहरुको दर्ता र नविकरण (३० अंक)

ख)संस्थाले हाल सम्म पोथी कुकुर बन्ध्याकरण गरेको संख्या(४०अंक)

ग)संघ संस्थामाउपलब्ध दर्तावाल पशु चिकित्सकको विवरण(३०अंक)

ग.१ पशु चिकित्सकको संख्या (१५ अंक)

ग.२पशु चिकित्सकको सम्बन्धित क्षेत्रमा अनुभव(१५अंक)

जम्मा=१०० अंक

४.९ आवेदक संघ/संस्थाहरुको छनौटकोलागि प्राविधिक मुल्यांकन  समितिकोगठननिम्न अनुसार हुनेछ।

१.गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत/प्रतिनिधि – संयोजक

२.आर्थिक प्रशासन शाखा प्रमुख/प्रतिनिधि – सदस्य

३.पशु सेवा शाखा प्रमुख/प्रतिनिधि – सदस्य सचिव

## परिच्छेद-३

**५.कार्यक्रम अनुगमन तथा मुल्यांकनः**

५.१ यस कार्यक्रमको अनुगमन र मुल्यांकन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा शाखा/गाउँपालिकाले तोकेको कर्मचारीबाट हुनेछ।

## परिच्छेद-४

**६. आर्थिक कार्यविधिः**

६.१ पशु सेवा शाखा र बिज्ञको सहकार्यमा संचालन गरेको कुकुर बन्ध्याकरण तथा रेबिज रोग नियन्त्रण कार्यक्रमसंचालन गर्न गाउँपालिकाको सम्बन्धित शाखाको उक्त कार्यक्रममा विनियोजित रकमबाट आवश्यक सामाग्री कानुन बमोजिम खरिद गर्न सकिनेछ । उक्त कार्यमा संग्लनपशु प्राविधिकलाई प्रचलित कानुन बमोजिम पारिश्रमिक उपलब्ध गराइन्छ।

६.२ यस कार्यक्रम कार्यान्वयन गर्न कुल बजेटको २० प्रतिशत रकम खाना खाजा,कार्यालय व्यवस्थापन तथा सूचना प्रवाहमा खर्च गर्न सकिनेछ ।

६.३ कार्यक्रम सम्पन्न भैसकेपछी सो को प्रगति विवरण र बन्ध्याकरण गर्दाको तस्विरहरु लगायत अन्य सम्बन्धित कागजातहरु उपलब्ध गराए पश्चात मात्र भुक्तानी दिइनेछ ।

## परिच्छेद-५

**७.आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा, लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली २०७७, सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम गरिनेछ।

**८.अनुगमन,मुल्यांकन तथा प्रतिवेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र/पशु सेवा शाखा/गाउँपालिकाले तोकेको कर्मचारीलेगरिर सोको प्रगति प्रतिवेदन सम्बन्धितशाखा/गाउँपालिकामा पठाउनुपर्नेछ।

**९.थपघट वा हेरफेर गर्न सक्ने**

९.१ यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट,हेरफेर तथा खारेज गर्न सक्नेछ ।

९.२यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अबरोध र अस्पष्टता आएमा त्यस्तोबाधा अबरोध फुकाउने प्रयोजनका लागि गाउँपालिकाले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।